का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ कात्तिक २०८०,
आइतबार
29 October 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# दलहरुको हतारो

आमचुनाव भएको एक वर्ष पुगेको छैन, राजनीतिक दलहरु २०८४ चुनाव केन्द्रित भएर देश दोडाहामा छन् । जबकी, तत्कालको आवश्यकता प्रभावकारी सरकार र बलियो प्रतिपक्ष हो ।



जसरी राजनीतिक दल र व्यवस्थामाथि प्रश्नहरु उठाईंदैछ, मलाई ती त्यति चुनौतीपूर्ण छन् जस्तो लाग्दैन ।

■ **प्रचण्ड**
प्रधानमन्त्री



राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास घटेको छैन । आलोचना र सुझाव सुनेरै अघि बढ्छौं ।

■ **शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



नेपाली कांग्रेसले केन्द्रीय कार्यालय सानेपामा दशैं, तिहार, नेपाल संवत र छठ पर्वका अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा नेताहरु । *तस्बिर : किरणराज विष्ट/रासस*



जसरी प्रश्न उठाउन खोजिएको छ, हामी त्यसको यथोचित समयमा जवाफ दिन्छौं ।

■ **केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



अब ठूलो स्वर गर्ने, दबाब दिने होइन, २०८४ मा एकैपटक बाइबाइ गर्ने, पुराना दललाई एउटा सिट पनि नदिने हो ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।

नेपाली कांग्रेसले दशैं, तिहार, नेपाल संवत र छठ लगायत पर्वको अवसर पारेर शनिवार पार्टी केन्द्रीय कार्यालय सानेपामा चियापान तथा शुभकामना आादनप्रदान कार्यक्रम आयोजना गरेको थियो । चियापान कार्यक्रममा सरिक नेताहरुले दलहरुप्रतिको आलोचना र टिप्पणीका साथसाथमा अर्को चुनावको चिन्ता ज्यादा गरे ।

आमचुनाव भएको एक वर्ष पुगेको छैन, राजनीतिक दलहरु २०८४ चुनाव केन्द्रित भएर देश दोडाहामा छन् । जबकी, तत्कालको आवश्यकता प्रभावकारी सरकार र बलियो प्रतिपक्ष हो । यसको बलियो प्रमाण कांग्रेसको चियापान कार्यक्रमका अवसरमा भेला भएका नेताहरुले सार्वजनिक रुपमा दिएको अभिव्यक्ति पनि एक हो ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी लगायतका राजनीतिक दलले चुनाव पछाडि एकसरो देशदौडाहा गरिसकेका छन् । नेपाली कांग्रेसले प्रदेशस्तरसम्म कार्यक्रम गरेको छ भने जनताको राय लिइरहेको बताएको छ ।

शनिवार सानेपा ललितपुरमा पत्रकारहरसँग कुरा गर्दै कांग्रेस सभापति शेरबहादुर देउवाले ' दलहरुप्रतिको आलोचना र टिप्पणीलाई सकारात्मक लिएको' बताए ।

राजनीतिक दलहरुले आफूलाई जनताका बीचमा लोकप्रियता हासिल गर्न राम्रोसँग काम गर्नुपर्ने भन्दै उनले राजनीतिक दलप्रति जनताको आशा र भरोसा उत्तिकै कायम रहेको दाबी गरे । 'राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास नघटेको' सभापति देउवाले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अहिले पुराना राजनीतिक दल र व्यवस्थाविरुद्ध उठिरहेका प्रश्नहरू राष्ट्र जनता र लोकतन्त्रको हितमा नरहेको बताए । 'जसले प्रश्न गरिरहेको छ, उसको इतिहास, विचार, राजनीतिक मुद्दा, संघर्ष र संस्कार हेर्ने हो भने त्यसको कुनै औचित्य देखिदैन्, तैपनि प्रश्न उठाउने कोसिस भएको छ' उनले भने ।

उनका अनुसार 'जसरी राजनीतिक दल र व्यवस्थामाथि प्रश्नहरू उठाइँदैछ, मलाई ती त्यति चुनौतीपूर्ण छन जस्तो उनलाई लाग्दैन ।'

शीर्ष नेताहरू सानेपामा जम्मा हुनुअघि शनिबार बिहान मात्रै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति लामिछानेले ०८४ को चुनावमा सबै पुराना दलहरूलाई बाई बाई गर्ने बताएका थिए ।

उनले २०८४ मा सबै पूराना राजनीतिक दलहरुलाई पराजित गर्ने बताए । उनले पुराना दलले दिनदहाडै हत्या गर्नेहरुलाई संविधान दिवसका दिनमा रिहा गरेर नयाँ दल र जनतालाई के गर्नसक्छौं गर भन्ने चुनौती दिइरहेको बताए ।

उनले आउने चुनावमा कुनैपनि दललाई एक सिट पनि जित्न नदिने जिकिर समेत गरे । उनका अनुसार पुराना दलले कयौं बेथितिका चुनौतीहरु दिएका छन् । भ्रष्टाचारका फाइल खोल्ने भन्दै तर्सिएर बन्द गरेका छन् । 'अब ठूलो स्वर गर्ने, दबाब दिने होइन, २०८४ मा एकैपटक बाइबाइ गर्ने, एउटा सिट पनि नदिने ।

»» पृष्ठ २ मा

## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्नेजस्ता कार्य नगरौं,
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तुलनात्मक शान्त दशैं

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ कात्तिक ।

दशैं अवधिमा उपत्यकामा १०३ घटना भएका छन् । घटनामा दुई को मृत्यु भएको छ भने ११८ जना घाइते भएका छन् । प्रहरीका अनुसार उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरमा दशैं अवधिमा यी घटना भएका हुन् । विगतका तुलनामा दसैं शान्तिपूर्ण भएको र कुनै ठूला घटना, दुर्घटना नभएको काठमाडौं उपत्यका प्रहरी कार्यालयले जानकारी दिएको छ । फूलपातीयता छिटफुट घटना भए पनि ठूला आपराधिक घटना, चोरी डकैती, तथा दुर्घटना नभएको कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले बताए । उनका अनुसार शान्ति सुरक्षाका हिसाबले यसपालिको दसैं विगतका वर्षहरुमा भन्दा सौहार्दपूर्ण रुपमा सकिएको छ ।

उपत्यकाका तीन जिल्लामा चाडबाड विशेष सुरक्षा योजना तयार पारी निगरानी गरिएको र सम्भावित जोखिम क्षेत्रमा सादा पोसाकमा समेत प्रहरी परिचालन गरिएको थियो । तालिमप्राप्त कुकुर र ड्रोनको समेत प्रयोग गरेर तीनै जिल्लामा सुरक्षा निगरानी गरिएको थियो ।

प्रहरी वरिष्ठ उपरीक्षक मैनालीका अनुसार सुरक्षा व्यवस्थामा कुनै कसर बाँकी राखिएको थिएन । सादा पोसाकमा पनि प्रहरी परिचालन गरेर सूक्ष्म निगरानी गरिएको थियो भने सुरक्षा निगरानीका लागि ड्रोन र कुकुरको समेत प्रयोग गरिएको थियो । यस अवधिमा उपत्यकाको सुरक्षा व्यवस्था चुस्त बन्यो । अब छठसम्मै यसलाई जारी राख्ने योजनाका साथ निगरानी भइरहेको छ ।

यद्यपि, कडा सुरक्षाका बीच पनि छिटफुट घटना भने देखिएका हुन् । यही कात्तिक ४ गते फूलपातीदेखि शुक्रबार सम्ममा उपत्यकामा एक सय तीनवटा घटना भए । ती घटनामा परेर दुई जनाको मृत्यु भएको छ भने एक सय १८ जना घाइते भए ।

यसबीचमा २० वटा सवारी दुर्घटना हुँदा २८ जना घाइते भए । सवारी साधनहरु आपसमा ठक्कर खाएर ५१ वटा दुर्घटना भएको थियो उक्त दुर्घटनमा ७३ जना घाइते भएका थिए भने एक जनाको मृत्यु भएको थियो । प्रहरीकाअनुसार

»» पृष्ठ २ मा

# भारतमा नक्कली रामग्राम

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।

भारतमा गौतम बुद्धको नक्कली अस्तिधातु राखिएको प्राचीन रामग्राम स्तूप बनाइएको पाइएको छ । नेपालको पश्चिम नवलपरासीमा रहेको रामग्राम स्तूप जस्तै नक्कली रामग्राम बनाएर अनर्गल प्रचार गर्न थालिएपछि नागरिक समाज नवलपरासीले भारत सरकारलाई खखबरदारी गर्न भन्दै नेपाल सरकारको ध्यानार्षण गरेका छन् ।

रामग्राम विश्व सम्पदा सूचीमा सूचीकृतको प्रक्रियामा छ । तर, भारतमा नक्कली बनाएर प्रचार गर्न थालिएको भन्दै नागरिक समाज नवलपरासीले प्राचीन रामग्राम र देवदहका विषयमा तत्काल आवश्यक कदम चाल्न नागरिक सरकारको ध्यानाकर्षण गरेका हुन् ।



नेपालको पश्चिम नवलपरासीको रामग्राम नगरपालिका ७ उजैनी गाउँमा अवस्थित रामग्राम स्तूप । तस्बिरः सामाजिक सञ्जाल

भारतका अधिकारीहरु र भारतीय सञ्चार माध्यमहरुले केही दिनदेखि देवदह र रामग्रामको विषयमा भ्रमपूर्ण प्रचार गरिरहेकोले तत्काल खण्डन गर्न जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ ।

रामग्राम स्तूप पश्चिम नवलपरासीको रामग्राम नगरपालिका ७ उजैनी गाउँमा अवस्थित छ । भारतले उत्तर प्रदेशको महाराजगञ्ज जिल्लामा रामग्राम रहेको दाबी गरेर दूष्प्रचार गरेपछि आपत्ति जनाएको नागरिक समाज नवलपरासीका अध्यक्ष राधेश्याम सिंह सैथवारले बताए । सरकारको प्राथमिकतामा नपर्दा रामग्राम स्तूप ओझेलमा पर्दै आएको अवस्थामा भारतले आफ्नो भूमिमा रहेको दाबी गर्नु चिन्ताको विषय भएको उनको भनाइ छ ।

रामग्राम स्तूपमा बुद्धको अस्तिधातु अविच्छिन्न रुपमा राखिएको छ । बुद्धको महापरिनिर्वाण पछि राखिएको अस्तिधातु अहिलेसम्म कसैले चलाउन सकेको छैन । परासीदेखि दक्षिण महेशपुर सडकको तीन किलोमिटर टाढा उजैनी गाउँबाट पूर्वतर्फ झरही खोलाको किनारमा समतल मैदानमा रामग्राम स्तूप छ । समाजले जिल्ला समन्वय समितिका प्रमुख भगौती यादवलाई समेत यस विषयमा ध्यानाकर्षण गराउँदै दूष्प्रचार रोक्न माग गरेको छ । जिल्ला समन्वय समिति प्रमुख यादवले लुम्बिनी विकास कोषका पदाधिकारी तथा भारत सरकारको उत्तर प्रदेश महाराजगन्जका अधिकारीहरुसँग आवश्यक समन्वय गर्ने बताए ।

रामग्रामका विषयमा चिनियाँ यात्री फाइयान

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा विदेशी कामदारलाई पनि 'सब्सिडी' दिन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ कात्तिक ।

मलेसियामा अधिकारकर्मी संस्थाहरूले प्रवासी कामदारहरूलाई सेतो चामल र खाना पकाउने तेल जस्ता अति आवश्यक दैनिक उपभोगका सामग्री स्थानीय नागरिकहरूलाई जस्तै सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउन माग गरेका छन् । मानव अधिकारवादी संस्था नर्थ-साउथ इनिसिएटिभका कार्यकारी निर्देशक एड्रियन परेराले मलेसिया आफ्नो आर्थिक विकासका लागि आप्रवासी कामदारमा धेरै निर्भर भएको कारण उनीहरूलाई दैनिक उपभोग्य सामग्रीमा सब्सिडी अर्थात् छुट हुनुपर्ने बताए । मलेसियामा कामदारको न्यूनतम तलब स्थानीय तथा आप्रवासी कामदारको समान १५ सय रिंगेट रहेको छ ।

गत सेप्टेम्बर १४ मा सार्वजनिक वहुप्रचारित टिकटक भिडियोमा एक सुपरमार्केटमा सब्सिडी अन्तरगत खाना पकाउने तेल किन्नको लागि आप्रवासी कामदारहरूले सामना गरिरहेको दस्तावेज सार्वजनिक भएको थियो । मलेसियामा करिब पाँच लाख नेपाली कामदार रहेका छन् । सन् २०१९ को विश्व बैंकको प्रतिवेदनले मलेसियामा १२ लाखदेखि ३५ लाख आप्रवासी कामदार रहेको र त्यसमध्ये धेरै अवैधानिक रूपमा काम गरिरहेको प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यसयता पनि मलेसियामा लाखौं आप्रवासी कामदार पुगेका छन् ।

इनिसिएटिभका कार्यकारी निर्देशक एड्रियन परेराले सब्सिडी अर्थात् दैनिक उपभोग्य सामग्रीमा छुट पाउने विषय राष्ट्रियताको सट्टा व्यक्तिको आर्थिक वर्गका आधारमा गराउनुपर्ने बताए । यसैबीच, इन्टरनेशनल अर्गनाइजेसन फर माइग्रेसन (आईओएम) मलेसियाले कोभिड-१९ महामारीको समयमा आप्रवासी कामदारहरूमध्ये अधिकांशले शोषण, दुर्व्यहार वा अनैतिक भर्ती अभ्यासका कारण जागिर छाडेर कागजविहिन बनेको देखाएको र उनीहरूले त्यतिखेर गरेको कामको तलब पाउन नसकेको बताएको छ ।

प्रतिवेदन प्रस्तुत गर्ने समाजशास्त्री आशा रथिना पाण्डीले उनीहरुको कम तलबको अर्थ रोजगारदाताले सम्झौता अनुसार तलब र ओभरटाइम भुक्तानी नगरेको पनि भएको बताइन् । मोनास युनिभर्सिटीकी आशाका अनुसार त्यस्ता आप्रवासी कामदारहरूमध्ये केहीलाई एजेन्टहरूले स्वदेशमा नै झूटा सम्झौता गरेर धोका दिएका थिए भने केहीलाई रोजगारीका लागि मलेसिया उड्नुभन्दा केही घण्टाअघि मात्रै दबाबमा पारेर करारपत्रमा हस्ताक्षर गराईएको पाईएको छ । त्यसरी दबाबमा रोजगारमा जोडिनेहरू शोषणामा परेका छन् ।

## FREE VISA FREE TICKET AMERICAN BASE CAMP

कम्पनी: **THE BRIDGE GEN.TRADE.& CONT.CO.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८०/०६/२३ चलानी नं.: ६०२०८९६८ LT. No.: 293854 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 110 | ४७,२७४ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 195 | ८३,८०३ | | | | | | | |
| 4. | Helper | 10 | 0 | | 90 | ३८,६७८ | | | | | | | |
| 5. | Labour | 25 | 0 | | 90 | ३८,६७८ | | | | | | | |
| 6. | Painter | 5 | 0 | | 110 | ४७,२७४ | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 120 | ५१,५७१ | | | | | | | |
| 8. | Storekeeper | 15 | 0 | | 130 | ५५,८६९ | | | | | | | |
| 9. | Technician | 15 | 0 | | 130 | ५५,८६९ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १७ देखि १९ गतेसम्म (3 to 5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

यस कम्पनीको लागि Logistics Specialist, Warehouse Specialist, Fuel Distributor System Operator, Heavy Truck Driver, Foreman Laborer, Generator Foreman, Motor Vehicle Mechanic, Motor Vehicle Mechanic Helper, Automotive Painter, Maintenance Technician, Tools and Parts Attendant, Tactical Vehicle Mechanic, Equipment Operator Heavy, Heating, Ventilation and Air-Conditioning Mechanic, Equipment Operator Heavy, Fuel Distribution Systems Foreman, ROWPU Operator, Foreman Maintenance Mechanic, Master Mechanic, MCT Foreman, Generator Mechanic, Desk Clerk, General Maintenance Worker, HVAC Mechanic, Materiel Handling Laborer, Recreation Specialist, Warehouseman को पनि आवश्यकता रहेको छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp)
E-mail : nepalajeets@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

१२ कात्तिक २०८०, आइतबार
29 October 2023, Sunday

# गवारो रोगले मर्न थाले कागतीका बोट



**बागलुङ/मस-** बागलुङमा गवारो रोगले कागतीका बोट मर्न थालेका छन् । फल लागेको कागतीका बोट मर्न थालेपछि बागलुङका किसान चिन्तित भएका छन् । गवारो रोग देखिएपछि पछिल्लो दुई महिनायता कागतीका बोट मर्न थालेका हुन् ।

सयौं किसानका हजारौं बोट कागती मर्दा लाखौंको क्षति हुने भन्दै स्थानीय किसान चिन्तित भएका छन् । किसानले लगाएको कागतीमा गवारो रोग लाग्दा बोट मर्न थालेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी कुमार पुन मगरले बताए ।

गवारो रोगले कागतीका बोटको टुप्पो सुक्दै जाने र बोटनै मर्ने गरेको पुन मगरको भनाइ छ। किसानले तत्काल सुक्न थालेका हाँगालाई समयमै काटेर फाले बोट मर्नबाट जोगिने उनले बताउनुभयो। प्राय: कागतीमा लाग्ने यो रोग समय-समयमा देखा पर्ने हुँदा किसानले प्राविधिक परामर्श लिएर यसको रोकथाम गर्न सकिने उनको सुझाव छ ।

उनले भने, "काण्डको गवारो रोग लाग्दा कागतीका हाँगा मर्ने गर्दछ, यसको रोकथामका लागि किसानहरु पनि सजक हुनुपर्छ। सुक्न थालेका हाँगा बेलामै काट्नुपर्ने हुन्छ। यो समस्या अहिले जिल्लाको निसीखोला र यसको आसपासका ठाउँमा देखिएको छ ।"

निसीखोला गाउँपालिकाका नरबहादुर बुढा मगरले बगैँचामा लगाएको ६० बोटमध्ये ३४ बोट मर्न थालेको बताए । टिप्ने बेलाको कागतीका दाना खस्नुका साथै बोटनै मरेको बुढा मगरले बताउनुभयो । अघिल्लो वर्ष लगाएका विरुवा समेत मर्न थालेको उनको भनाइ छ । दुई वर्षदेखि व्यावसायिक रुपमा कागती खेती सुरु गरेको बताउने उनले आफ्नो करिब तीन लाखको क्षति हुने अवस्था आएको गूनासो गरे ।

"बारीमा छ/सात वर्ष पहिले लगाएका कागतीका रुख थिए । सुरुमा ती रुखका हाँगा मर्न थाले र पछि साना बोटमा पनि यो समस्या देखियो," उनले भने, "यसरी बोटनै मर्दै गए भने त मेरो लाखौंको लगानी डुब्छ, कसरी सुरक्षा दिने होला ?"

स्थानीय पूर्णबहादुर क्षेत्रीले ९० बोटमध्ये ७० भन्दा बढी बोटमा रोग देखिएको बताए । आफूले सुक्न थालेका सबै बोटका हाँगा काट्न सुरु गरेको उनी बताउँछन्। अघिल्लो वर्ष भने कुनै समस्या नदिएको उनको भनाइ छ ।

बागलुङ जिल्लामा हाल ४५ हेक्टर क्षेत्रफलमा कागती खेती छ । पछिल्लो समय कागती खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ। ज्ञान केन्द्रका अनुसार हाल जिल्लामा २२ हेक्टर जमिनबाट कागती उत्पादन भइरहेको छ ।

## दलहरूको...

एक सिट पनि नदिने हो, ख्याल गर्नुहोला' सभापति लामिछानेले भने ।

पुराना दललाई मत दिएर जिताउनु भनेको फेरि भ्रष्टाचार र अनियमिततालाई प्रश्रय दिए सरह हुने उनको भनाइ छ । 'एक दुई सिट दिनुपर्छ, पुराना पार्टी हुन भन्ने लाग्छ भने के तपाई थप वाइडबडीमा भ्रष्टाचार भएको हेर्न चाहनुहुन्छ ? नेपालीलाई नक्कली भूटानी शरणार्थी बनाएर बेचेको अझै हेर्न चाहनुहुन्छ ?' लामिछानेको प्रश्न थियो ।

लामिछानेको प्रश्नलाई लिएर पत्रकारहरुले सोधेको प्रश्नमा प्रधानमन्त्री प्रचण्डले यस्तो बताएका हुन् ।

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले सबै प्रश्नको जवाफ दिने बताए । 'जसरी प्रश्न उठाउन खोजिएको छ, हामी त्यसको यथोचित समयमा जवाफ दिन्छौं' उनले भने ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संकटका बेला दल हातेमालो गर्दै अगाडि बढेको विगतका घटना स्मरण गर्दै अबका चुनौतीलाई हल गर्न पनि दलहरु एक हुनुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले दलबीच सद्भाव बाँड्ने परम्पराका रुपमा चियापान कार्यक्रम हुँदै आएको उल्लेख गर्दै चियापानले दलहरुप्रति संवाद आदानप्रदान हुने धारणा राखे ।

आफूहरु आफ्नै गोडामा अल्झेर लडिन्छ कि भन्ने अवस्थामा रहेको बताए । 'जनताले जुन आशा र विश्वासका साथ छोटो समयमा जुन विश्वास दिनुभएको छ, त्यसले अब आफ्नै गोडामा अल्झेर लडिन्छ कि भन्नेबाहेक हामीले अरू चुनौती देखेका छैनौं । हामीलाई अहिले आफ्नै दलको संगठन विस्तार गर्ने, दस्तावेजहरू बनाउने, पार्टीलाई बलियो बनाउने विषयमा ध्यान दिनुपर्नेछ' उनले भने ।

## तुलनात्मक...

कुटपिट र झैझगडाका १३ घटनामा एक जनाको मृत्यु भएको छ भने १३ घाइते भएका छन् । चोरीका १० र धारिलो हतियार प्रहारसम्बन्धी दुई वटा घटना भएको प्रहरीले जनाएको छ ।

## भारतमा...

र हुयेन साङले आफ्नो यात्रा वृतान्तमा प्रशस्त वर्णन गरेको जानकारहरु बताउँछन् । सन १८९९मा एसियाटिक सोसाइटी अफ बेङ्गालका इतिहासकार डा। डब्लु होयेले रामग्राम स्तूप पत्ता लगाएका थिए। पछि सन १९६४मा यो नै रामग्राम स्तूप हो भन्ने प्रमाणित भएको थियो ।

स्तूप रहेको ठाउँमा जमीनको सतहमा सन १९९७ तथा १९९९ मा भौतिक सर्भेक्षण गरिएको थियो। यसबाट यस स्तूपको पूर्व र उत्तरमा चतुष्कोणीय विहारहरुको अवशेष भएको निक्यौल गरिएको थियो ।

पछि पुरातत्व विभागका शुक्रसागर श्रेष्ठले सन १९९९ तथा २००४को बिचामा उत्खनन् पनि गरेका थिए । त्यसबाट स्तुप क्षेत्र मौर्यकाल अर्थात ईशा पूर्व ३२२ देखि १८५को बिचमा तथा गुप्तकाल अर्थात ईशाको ३२० देखि ईशाको ५५० को वरिपरि विकसित भएको निष्कर्ष निकालिएको थियो ।

विश्वभरका बौद्धहरु यहाँ एकमात्र अस्थिधातु मौलिक रुपमा अस्तिधातु भएको पवित्र स्तूप भनेर पूजा आराधना गर्न आउने गरेका छन् । विदेशी तीर्थयात्रीहरु तथा काठमाडौंबाट तीर्थयात्रीहरु यहाँ आएर सामूहिक रुपमा बुद्धपूजा तथा परित्राण पाठ गर्ने गर्दछन्।

करिब १० फिट अग्लो तथा २३.५ मिटर ब्यास भएको घाँसले ढाकिएको स्तुप क्षेत्रलाई दुई जना सुरक्षाकमीलेसुरक्षा प्रदान गर्दै आएको छन्।

बुद्धको महापरिनिर्वाण भएपछि उनको शवको दाह संस्कार पछि केही मोतीका दाना जस्ता अस्तिधातु बाँकी रहेका र दाह संस्कारमा उपस्थित सबै बौद्ध राज्यहरुको बीच ती अस्तिधातुका दानाहरु आफ्नो देशमा लान पाउनुपर्ने माग सहित युद्ध नै गर्न तम्सिएपछि उनीहरुले एक जना दोर्ण नाम गरेका पण्डितको सहायताले त्यसलाई आठ भागमा विभाजन गरेका इतिहासमा उल्लेख छ ।

त्यसलाई तत्कालीन मगध, बैशाली, कपिलवस्तु, अलकप्प, कोलीयग्राम, वट्ठदिप, पावा र कुशिनगरका राजाहरुले लगेका थिए। उनीहरुले बुद्धप्रतिको श्रद्धाअनुरुप आआफ्नो स्थानमा ती अस्तिधातु लगेर विशाल स्तुप बनाएर बुद्धधर्मलाई निरन्तरता दिए । त्यसमध्ये कोलियग्रामका राजाले त्यस अस्थिधातुलाई राखेर बनाएको स्तूप नै रामग्राम स्तूप हो ।

पछि इशापूर्व २६८ देखि २३२ सम्म शासन गरेका मौर्य सम्राट अशोकले बुद्धधर्मको महत्व बुझी यसलाई सबै देशहरुमा प्रचार गर्ने भनेर ती सबै स्तूपबाट अस्तिधातु निकाली त्यसबाट ८४ हजार स्तूप बनाउन लगाई सम्पूर्ण भारत वर्षमा स्थापना गर्ने योजना बनाएको बौद्ध इतिहासका जानकारहरु बताउँछन्।


## सच्याइएको बारे

२०८० कार्तिक २ गत्तेमा प्रकाशित काठ लिलाम सम्बन्धी सूचनामा सल्लो गोलिया थान ३१५ को ४८५०.२१ क्यु फिट काठ र दाउरा २ चट्टा दाउराको २१ दिने सूचना प्रकाशित भएको हुँदा ईच्छुक ब्यक्ति संघ संस्था कम्पनी फर्मले उक्त काठ लिलाम बिक्री प्रक्रियामा सहभागी हुन जानकारी गराइन्छ भनी उल्लेख हुनुपर्ने अन्यथा हुन गएकोले यो सूचना सच्याइएको ब्यहोरा जानकारी गरिन्छ ।

तपशिल

| सि.नं. | जात | ग्रेड | थान | आयतन परिमाण क्यू.फि. | दाउरा |
|---|---|---|---|---|---|
| १. | सल्ला | A | ११५ | २४२२।४० | |
| २. | सल्ला | B | २०० | २४२७।८१ | २ चट्टा दाउरा |
| जम्मा | | | ३१५ | ४८५०।२१ | २ चट्टा दाउरा |

**कफलडा रानिबन सामुदायिक बन उपभोक्ता समिति**
**जोरायल गाउँपालिका-१ डोटी**

## साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०७/१२**

यस ओभरसिज नेपालिज इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (ओनिक)को संचालक समितिको मिति वि.सं २०८० कार्तिक ३ गते, तदानुसार इस्वी सम्वत् २०२३ अक्टोबर २० तारिक शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम ओनिकको सातौं साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना जारी गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८० कार्तिक २५ गते शनिबार तदानुसार ११ नोभेम्बर सन् २०२३
**समय** : बिहान १२ बजेदेखि बेलुकी ५ बजेसम्म
**स्थान** : किर्तिपुर-९, ढल्पा

**छलफलका विषयहरू :**

१. आर्थिक बर्ष २०७९/२०८० को लेखा परिक्षकको प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने
२. आर्थिक बर्ष २०८०/२०८१ को लागि कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखा परिक्षक नियुक्त गर्ने
३. नयाँ संचालक समितिको गठन बारे
४. कम्पनीको रजिस्टर्ड कार्यालय परिवर्तन बारे
५. विविध

**कम्पनी सचिब**

Overseas Nepalese Investment Co.Ltd.
कि न पा - ९, ढल्पा, कीर्तिपुर, काठमाडौं, नेपाल
फोन : ०१-४३३००३७, मोबाइल : ९८६१५९५८५९
E-mail : oninvestmentltd@gmail.com
Web : www.onic.com.np

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०९/१४ मा दर्ता भएको **प्रा.लि. नं. १६०५९३/०७३/०७४** को **लक्की ल्याङ्ग्वेज एण्ड टेनिङ्ग सेन्टर प्रा.लि.** को मिति २०८०/०७/०१ मा बसेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**बिजुलि बजार, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**



## UAE मा Security Guard हरूको लागि रोजगारको अवसर

कम्पनी: SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९३९८ — L.T. No.: 294453

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 2000 | ७२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २२ र २३ गते (8 & 9 November 2023) मा हुनेछ ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 हुनेछ । (ने.रु ९७,८९१) को ग्यारेन्टी गरिन्छ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २१ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ । तौल ६८ केजी भन्दा माथी हुनुपर्दछ ।
★ Ex Army, Ex Police, APF मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।
★ Physical Appearance : Smart and No visible Tattoos or Scars.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NUAIMI GROUP LLC — शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८०/०७/११ — चलानी नं.: ६०२०९४०७ — LT. No.: 294295

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MEP Helper | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1150 | ४१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PLUMBER | 100 | 0 | | 1300 | ४७,०३४ | | | | | | | |
| 3. | electrician | 100 | 0 | | 1500 | ५४,२७० | | | | | | | |
| 4. | MEP ASSISTANT | 100 | 0 | | 1300 | ४७,०३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

Perfect Recruiting Service Pvt. Ltd.
श्रम इजाजत पत्र नं. ५५३/०६७/०६८
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : Email: info.perfectrecruiting@gmail.com
www.perfectrecruiting.com.np.

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: ARABELLA HOTELS MANAGEMENTS CO WLL — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०७/०३ — चलानी नं.: ६०२०९३५३ — LT. No.: 294246

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Attendant | 10 | 9 | स. काममा दक्ष | 150 | ६४,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



## मलेसियामा रोजगारको अवसर

कम्पनी : JS SECURITY SERVICES SDN BHD — शहर: Selangor
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९४१० — L.T. No.: 294367

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 27 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

## MALAYSIA मा रोजगार

कम्पनी : TAFADHDAL SECURITY SDN BHD — शहर: Malaysia, kuala Lampur
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९४०२ — LT. No. 294354

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 37 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : PANTECH STAINLESS & ALLOY INDUSTRIES SDN BHD — शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९४०४ — LT. No.: 294355

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० कात्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Liberty H.R. Consultant Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
Baghdol-4, Lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADAA EMPLOYMENT L.L.C. — शहर: Uae Dubai
पूर्व स्वीकृत मिति: २०८०/०७/०३ — चलानी नं.: ६०२०९३८२ — LT. No.: 294297

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 75 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |
| 3. | Steel Fixer | 75 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | नि:शुल्क |

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 9803515104,9842036587,9808466028,9862504026, 9808635854,9869317171.

## मलेसियामा रोजगार

कम्पनी : SENG CHONG PRECISION SDN BHD — शहर: MALAYSIA, Penang
पुर्व स्वीकृत मिति: २०७९/०८/२५ — चलानी नं.: ६०१९३०९२ — LT. No.: 277347 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufatures | 79 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GRAND VENTURE TECHNOLOGY SDN. BHD — शहर : PENANG
पुर्व स्वीकृत मिति: २०७९/०७/०५ — चलानी नं.: ६०१८९८६३ — LT. No.: 274129 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 53 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

WIN RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १३८३/०७४/०७५
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386,
Mobile No.: 9801112250/9801112262/9801112267

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL CONTRUTION & MANUFACTURING SERVICES — शहर : Jubail
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.:६०२०९३९७ — L.T. No.: 294314

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Worker | 6 | 0 | | 1000 | ३५,४२० | | | | | | | |
| 3. | Water Pump Operator | 4 | 0 | | 1500 | ५३,१३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

Professional Manpower Services Pvt. Ltd.
श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

## QATAR मा रोजगारको अवसर

कम्पनी: G4S QATAR W.L.L — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०७/१७ — चलानी नं.: ६०१९०३८९ — LT. No.:274783 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 50 | 0 | स. काममा दक्ष | 1550 | ५५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०८० कार्तिक २१ गते (7 November 2023) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल, विर्तामोड, झापामा २०८० कार्तिक २३ गते (9 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | नि:शुल्क |

Orchid Overseas (P.) Ltd.
Gov. Lic. No. 889/067/68
Ram mandir Marga, Gaushala-9, Kathmandu, Tel.: 01-5913651, 5913652 Mobile: 9851048627
Email: orchidhrinfo.np@gmail.com | Web: orchidhr.com.np
Jhapa Contact No: 9801458705 , 9802078705 , 9817070708
Pokhara Contact No: 9856060451 9801060451

# प्रधानन्यायाधीश र प्रधानसेनापति चीन भ्रमणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ कात्तिक ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र प्रधान सेनापति प्रभुराम शर्मा चीन भ्रमणमा गएका छन् । चीनको सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाका अध्यक्षको निमन्त्रणामा श्रेष्ठ नेतृत्वको टोली शनिवार चीन भ्रमणमा गएको हो । एक दिन अघि शुक्रबार प्रधान सेनापति प्रभुराम शर्मा चीन भ्रमणमा गएका थिए ।





प्रधानन्यायाधीश श्रेष्ठको टोलीले कात्तिक १५ देखि १७ गतेसम्म चीनको सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाको औपचारिक भ्रमण गर्नेछ । त्यसक्रममा सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाका अध्यक्ष तथा अदालतका उच्च अधिकारीसँग औपचारिक भेट गर्नुका साथै कानुन र न्याय प्रणालीसँग सम्बन्धित आपसी सहयोगका क्षेत्रहरुमा छलफल गर्ने कार्यक्रम छ ।

सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलका अनुसार त्यसअघि नेपाली भ्रमण टोलीले सिन्ज्याङ प्रदेशमा चाइना ल सोसाइटीले कात्तिक १२ देखि १४ सम्म आयोजना गर्ने सेन्ट्रल एसिया एण्ड साउथ एसिया लिगल फोरमको कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको छ ।

प्रधानन्यायाधीशको भ्रमण टोलीमा उनकी पत्नी रोशनी अमात्य श्रेष्ठ, न्यायाधीश डा। आनन्दमोहन भट्टराई र उनकी पत्नी पुष्पा भट्टराई, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार लालबहादुर कुँवर र शाखा अधिकृत नविनकुमार यादव सहभागी छन् । प्रधानन्यायाधीश श्रेष्ठको टोली १७ कात्तिकमा स्वदेश फर्किने कार्यक्रम छ । प्रधान सेनापति प्रभुराम शर्मा चीन भ्रमणका क्रममा बेइजिङमा आयोजना हुने बेइजिङ सियाङसानको उद्घाटन समारोहमा सहभागी हुनेछन् । उनको चिनियाँ जनमुक्ति सेनाको सीएमसीका जोइन्ट चिफ अफ स्टाफ जनरल लिउ झेनलीसँग शिष्टाचार भेटघाट हुनेछ ।

बेइजिङतर्फ प्रस्थान गर्नु अघि प्रधान सेनापतिलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रक्षा सचिव किरणराज शर्मा तथा बलाध्यक्ष रथी सीताराम खड्काले बिदाइ गरेका थिए । आजै प्रधान सेनापतिलाई सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो । भ्रमणदलमा मध्यपूर्वी पृतनापति उपरथी श्री प्रेमध्वज अधिकारी, प्रधान सेनापतिको सैनिक सहायक तथा स्टाफ अधिकृत लगायतको सहभागिता रहेको छ ।

चीनमा रहँदा प्रधान सेनापतिले ग्रेट वाल लगायत बेइजिङस्थित महत्त्वपूर्ण पर्यटकीय स्थलहरूको भ्रमण गर्नेछन् । उनी चीनका लागि नेपालका राजदूतले आयोजना गर्ने रात्रिभोजमा पनि सरिक हुनेछन् । प्रधान सेनापति संघाईको सियान सिटी तथा ग्वानझाओमा रहेको चिनियाँ जनमुक्ति सेनाका विभिन्न इकाई तथा शिक्षण संस्थाहरूको भ्रमण गर्नेछन् । उनी कार्तिक १६ गते स्वदेश फिर्ता हुने नेपाली सेनाले जनाएको छ । प्रधान सेनापतिको अनुपस्थितिमा बलाध्यक्ष रथी सीताराम खड्काले कायममुकायम प्रधान सेनापति भई कार्यभार सम्हाल्नेछन् । यसअघि प्रधान सेनापति असोज ७ गते गएर १२ गते भारत भ्रमणबाट फर्केका थिए भने असोज २१ गते युके गएर २६ गते फर्केका थिए ।

# सार्कका नयाँ महासचिवले सम्हाले कार्यभार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ कात्तिक ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का नवनियुक्त महासचिव गोलाम सरवरले कार्यभार सम्हालेका छन् । सार्क मन्त्रिपरिषद्ले उनको नियुक्तिलाई अनुमोदन गरेसँगै उनले कार्यभार सम्हालेको सार्क सचिवालयले जनाएको छ ।

नवनियुक्त महासचिव सार्कको १५ औं महासचिव हुन । उनी बंगलादेशको प्रतिनिधित्व गर्ने तेस्रो कूटनीतिक कर्मचारी हुन् । सन् १९९१ मा बंगलादेशको कूटनीतिक सेवा प्रारम्भ गरेका महासचिव सरवरले मलेसिया, ओमन, स्वीडेनमा बंगलादेशी राजदूतका रूपमा सेवा गरिसकेका छन् । उनले क्वालालम्पुर, काठमाडौं, याङ्गुन र वाशिङ्टन डिसीमा पनि बङ्गलादेशको कूटनीतिक अधिकारीका रूपमा काम गरिसकेका छन् ।

सन् १९६६ मा जन्मिएका महासचिव सरवरले वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेका छन् । उनले जर्मनीबाट कूटनीतिसम्बन्धी तालिम पनि लिएका छन् ।

## Invitation for Bids

**Rangeli Municipality**
**Office of the Executive Municipal**
Rangeli, Morang

**Invitation for Bids for the Construction of different works**

**Date of publication: 29-10-2023(12/07/2080)**

1.Rangeli Municipality invites electronic bids only from eligible bidders for the construction of different works under National Competitive Bidding – Single Stage Bidding procedures.

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality,Rangeli,Morang, mailing address-rangelimun.gov.np,Mobile No -9804768057or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank** : Agricultural Development Bank, Branch Office, Rangeli, Morang,
**Name of Office** : Rangeli Municipality, Rangeli , Morang , ajaswa (revenue) Shirshak no. Ga(1.1)0601401150257011.

3. Pre-bid meeting shall be held at Rangeli Municipality,Rangeli ,Morangat 17/11/2023 (01/08/2080) on 13.00 hrs
4. Electronic bids must be submitted to the office Rangeli Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12.00 on 28/11/2023 (12/08/2080) including PDF of Tax Clearance, Pan No,.company(079/80) register ,Ijajat certificate Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00,28/11/2023 (12/08/2080) at the office of Rangeli Municipality .Bids must be valid for a period of 90 days for other after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of belows, which shall be valid for 30 days beyond the validity period of the bid.
6. Information to deposit the Bid security in Bank:
**Name of the Bank** : Agricultural Development Bank, Rangeli,Morang, Ga(3), Deposit no-Ga(3.1)0601401150257079.
**Name of Office** : Rangeli Municipality, Rangeli, Morang.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. **Details of Works**

| S. No. | Contract Identification No. | Name of Works | Stage/ Envelop | Estimated Amount without Vat & Contingency | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/ works/08/080/81 | Construction, Supply and Making of Desk & Bench for Class Room of Public School, Rangeli-06 | Single / Single | 3642477.88 | 100000.00 | 3000.00 |
| 2 | NCB/Rangeli/ works/09/080/81 | Construction, supply and Making of Desk and Bench and other accessories in Ratna Ma. Vi. , Ranjani, Rangeli -03 | Single / Single | 4770964.60 | 120000.00 | 3000.00 |

**Chief Administrative Officer**

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाई, डडेल्धुरा

**सिलबन्दी दरभाउपत्र पेश गर्ने बारे सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०८०-०७-१२)**

उपरोक्त विषयमा यस परियोजना कार्यान्वयन एकाई, डडेल्धुराको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रमहरु विभिन्न कृषक समूह, फर्म, सहकारीमार्फत सञ्चालन गर्नुपर्ने भएकोले अनुदान रकमको लागत अनुमान तयार तथा भुक्तानि प्रयोजनका लागि कृषि यन्त्र, उपकरण तथा सामग्रीहरुको दरभाउ आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउ पत्र पेश गर्नहुन सम्बन्धित सबै आपूर्तिकर्ताहरुका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको टेलिफोन नं ०९६-४१००९२ मा सम्पर्क गर्नहुन वा वेभसाईट https://piudadeldhura.pmamp.gov.np/ वा फेशबुक पेजः परियोजना कार्यान्वयन इकाइ डडेल्धुराबाट जानकारी लिन हुन अनुरोध छ ।

## UAE मा वैदेशिक रोजगारको अवसर

**१) कम्पनी: CONSENT L.L.C.** — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९४०५ — L.T. No.: 294429

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welder | 5 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |
| 3. | Mechanic | 5 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |
| 4. | Electrician | 5 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |
| 5. | Ordinary Labor | 30 | 0 | | 840 | ३०,३९१ | | | | | | | |

**२) कम्पनी: DISCOVERY EMPLOYMENT LLC** — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०७/१० — चलानी नं.: ६०२०९४०६ — L.T. No.: 294428

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 100 | 0 | स. काममा दक्ष | 800 | २८,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## MALAYSIA मा रोजगार

कम्पनी: **C.F. GOLDEN INDUSTRIES SDN.BHD.** — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०३/२९ — चलानी नं.: ६०१८३१७५ — LT. No.:267336 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० कात्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.** — श्रम इजाजत नं. ९९२/०६८/०६९
AMO
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१-४९८९७१८,०१-४९८९७१९

## कुवेतमा रोजगार

कम्पनी: **DAR WED BEAUTY SALON** — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०२/१५ — चलानी नं.: ६०२०२१५६ — LT. No.:286690 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure Pedicure | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 4 | | 150 | ६४,४६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## मलेसियामा रोजगार

कम्पनी: **SYARIKAT UREA HANDLERS SDN.BHD.** — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८०/०७/०३ — चलानी नं.: ६०२०९३८६ — LT. No.: 291242

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu
Tel : 4486825 | 4486826 | Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com

## साउदीमा रोजगार

कम्पनी: **COFFEE ATMOSPHERE TRADING COMPANY ONE PERSON COMPANY** — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०७/०३ — चलानी नं.: ६०२०९३८८ — L.T. No.:294341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1400 | ४९,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० कातिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PERFECT DESTINATION PVT. LTD.**
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np



मध्यान्ह
www.madhyanhadaily.com
१२ कातिक २०८०, आइतबार
29 October 2023, Sunday

## सम्पादकीय

# दलहरु हिंड्नुपर्ने बाटो

शनिबारबाट यो वर्षको दशैं सकिएको छ । दशैं सकिएसँगै सर्वसाधरण अर्को चाड तिहारको तयारीसँगै नियमित काममा फर्कन थालेका छन् । दशैं मनाउन गएकाहरू राजधानी उपत्यकासहित देशका प्रमुख शहरतिर फर्कन थालेका छन् । जसरी दशै मनाउन जानेहरूको सडकमा जाम लागेको थियो, त्यस्तै दृष्य फर्कनेहरूको देखिएको छ । राजनीतिक दलका नेताहरू पनि दशैं सँगै राजधानी केन्द्रीत हुन थालेका छन् । सर्वसाधरण गाउँ जाँदा नेताहरू पनि गाउँ नै पुगेका थिए । सर्वसाधरणको मन जितेर मात्रै सत्तामा पुगिने भएकाले जनता सँगसँगै गतिविधि केन्द्रीत गर्नु नौलो विषय होइन । तर यसपटक नेताहरूले भनिरहेको कुरा र देखाएका गतिविधि भने टिप्पणीयोग्य छ । किनकि यो दशैंमा नेताहरूले अर्को चुनावको कुरा उठाएका छन्, मत मागेका छन् ।

जबकी आमचुनाव सकिएको वर्षदिन पनि पुगेको छैन । यति चाँडै चुनाव केन्द्रीत गतिविधिमा नेताहरू देखिनुमा गएको चुनावी नतिजाले भूमिका खेलेको बिर्सन मिल्दैन । किनकि गत वर्ष मंसिरको चुनावले पुराना दलहरूलाई नराम्रो धक्का दिएको थियो । नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र जस्ता पुराना दलहरूको भारी मत काट्नै नयाँ दलहरूले अप्रत्यासित मत पाएका थिए । अप्रत्यासित मतसहित नयाँ दलहरू राष्ट्रिय राजनीतिमा देखिएकाले पुराना दलहरूले अर्को चुनाव केन्द्रीत अभियान घोषणा गरे । क्रमशः एमाले, कांग्रेस, माओवादी सहित दलहरूले कार्यकर्ता बिस्तार अभियान चलाइरहेका छन् । उनीहरूले अर्को चुनावमा एकल बहुमतको दाबी गरिरहेका छन् ।

पुराना दलहरूको सिको गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी र नागरिक उन्मुक्ति जस्ता पार्टीले पनि अर्को चुनाव केन्द्रीत गतिविधि गरिरहेका छन् । यसरी चुनाव केन्द्रीत गतिविधि गर्दा इतर समूहका नेताहरूप्रति चर्को आरोप लगाउनु स्वभाविकै भयो । जबकी अहिले अर्को चुनावको कुरा भन्दा पनि नागरिकका समस्या सम्बोधन दलहरूको एजेण्डा हुनुपर्ने हो । विश्वब्यापी आर्थिक मन्दी, बढ्दो संकट र मुलुकले खेपिरहेको संकटका कारणले अप्ठ्यारोमा देखिएको नागरिकको समस्या सम्बोधन केन्द्रीत तत्कालीन आवश्यकता पनि हो । तर नागरिकको समस्याप्रति भन्दा बढी नेताहरूको ध्यान चुनाव केन्द्रीत बन्न पुगेको छ । लोकतन्त्रमा मत केन्द्रीत हुनुलाई स्वभाविक पनि भनिएला । तर सदाबहार चुनाव केन्द्रीत गतिविधिले नेतृत्वप्रति नागरिकको दृष्टिकोण सकारात्मक नहुन सक्छ । त्यसतर्फ नेतृत्वले सोंच पुर्‍याउन आवश्यक छ । चुनावको कुरा चुनाव नजिकिएका बेला गर्नु मनासिब हुन्छ । अहिले भने प्रभावकारी सरकार र सशक्त प्रतिपक्षी नेताहरूको अपहारिहार्य भूमिका हो ।

# खल्लो बन्यो दशैं

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशका विषयमा घोत्लिँदा घोत्लिँदै दशैं बित्यो । तिहार आउँदा पनि हालत उही हो । टिकाको दिन शीतल निवास र निर्मल निवासमा प्रतिस्पर्धा रह्‍यो । कतै स्वेच्छाले गए, कतै उर्दीले गए टिका लगाउन । यति थोरै बिजुली उत्पादन हुँदा पनि दशैंका बेला प्रति दिन पाँच सय मेगावाट बत्ति खेर गएको कुरा सार्वजनिक भयो । प्राधिकरण न महसुल घटाउँछ, न यसको प्रयोग हुने कलकारखाना नै खोल्छ । सरकार, निजी क्षेत्र त आत्तिएकै छन्, सबैजसो प्रतिरक्षात्मक भएर बसेका छन् । चिनी नपाएर मात्रै यसपालिको दशैं खल्लो भएको होइन, त्यसकै कारण तिहार खल्लो नहुने छाँट पनि छैन ।

शाकाहारीलाई मांसाहारीले जिते यो दशैंमा पनि, पशु अधिकारकर्मी, धर्मगुरुलगायत धेरै अल्पमतमा परे । नवरात्री नलाग्दै बझाङ्गमा भूकम्पले घर चिरा चिरा पार्‍यो । नेताहरुको हेलिकप्टरको थर्काइले थप चिराचिरा पार्दै रह्‍यो । जतातते मार हान्ने कममा धर्ती रोइन् र एकै दिन धादिङ्ग केन्द्रविन्दु भइ महाअष्टमीमा सात पल्टसम्म धक्का दिइन् । छ रेक्टर स्केल माथिकै भनियो भूकम्प, विदेशीहरुले पाँच चानचून मात्रै भनिदिए । एकैदिन सात पल्टसम्म भूकम्पको धक्का हुँदा सबैतिर त्राहि त्राहि भयो र दशैं थप खल्लो हुने त्रास रहिरह्‍यो । त्यसो त इजरायलबाट मरेका लास घरैमा आउने साइत पनि यसैदिन परेको देखियो । अझ खल्लो त के भने पाल्पामा जिप दुर्घटना हुँदा छ जनाले एकैपल्ट धर्ती छोडे ।

सबैतिर बिदा थियो, तर सप्तरीमा बाटै छेकेर समूह बसिदियो । सडक बनाउँदा ठेकेदार विवाद, सडकमै मान्छे पोखिँदा भीडले बाटो दिएन, सडकमा एम्बुलेन्स अड्किँदा अस्पताल पुर्‍याउन नसकेर एक बालकको ज्यान गयो । त्यसो त खाल्डोको पानीमा डुबेर एक बालिकाको निधन पनि भयो, दशैंमै । भूकम्पमा दर्जनौं घरहरू ध्वस्त भए, भाग्ने क्रममा केही घाइते पनि भए ।

अघिल्लो दिन फूलपाती भित्र्याइरहँदा कतै दुई पाँग्रेको ठक्करबाट साइकल यात्रीको अवशान भयो, मोटर साइकलबाटै खसेर अर्का एक व्यक्तिको अवशान भयो । सहरलाई कर्मथलो बनाउँदै गरेका मानिस गाउँ जाँदा त्यो पनि एकैदिन काठमाडौं छोड्नेको संख्या एक लाख हुँदा अचम्मै भयो । दशैंका विवरण लामै छ त ।

एमसीसीलाई धकेला धकेल गर्दा पनि संदमा छिरिसकेको तर, बिआरआइको तय गर्न गएका गृहमन्त्री छिमेकी देशतिरै हृदयाघातमा परी अस्पताल भर्ना भए । टिकाको भोलिपल्ट मात्रै फर्किने भए । आम माफीबाट विरोध खेपिरहेका राष्ट्रपति भने पलाञ्चोक देवीतिर गुहार माग्न पुगे भने तमाम हिन्दुहरुको पर्व देखेर माओवादी दलमा धर्मनिरपेक्षता हटाउनेबारे एक जनाले मत दिए रे, अरुले कुम हल्लाइ हल्लाइ सुनेको देखियो । काम सबै हिन्दु अनुकूल गर्ने, माम भने विदेशीको खाने भन्दै हिन्दु विरोधीहरुको स्वर पनि बाक्लै देखियो दशैंभरि ।

एनआरएनएमा 'झाँकी पर्व'ले पनि सोल्टी होटलमा प्रवेश पायो भने देश देशावर घुमे पनि नेपालीको शैली उस्तै रहेको द्वैध चरित्र समानान्तर समिति बनाएर देखाइयो । सरकारले कसैलाई काखी च्याप्यो भन्ने आरोप पनि आयो । देशलाई माया गर्न छोडेर विदेशिएकालाई पनि सरकारले नागरिकता दिएर सम्मान गर्ने काम पनि यही दशैंमा भयो भने संसारकै गरीब भनी पहिले नै कहलिएको देशलाई एसियाकै गरीब




*पहिले-पहिले भनिन्थ्यो- आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई । समग्रमा अधिकांश नेपाली अहिले उखानले भनेजस्तै मर्ममा पिल्सिए । केहीले दशैं मनाउँदा, धेरैलाई दशा नै लाग्यो । अभाव, महँगी, कालोबजारी जस्ता कुराले निकै सास्ती दियो । यहीबीच इजलरायल-हमास द्वन्द्व, सवारी दुर्घटना र भूकम्पले पनि धेरैलाई खल्लो बनायो ।*

कोटीमा राखिएको आइएमएफको रिपोर्ट पनि यतिबेलै सार्वजनिक भइदियो । दशैं नवरात्रि पाचौं दिन डोजरले ९२ वर्षीय वृद्धाको ज्यान लिएको, गाजाक्षेत्रमा सात सय बालबालिकासहित २२ सय मानिस हताहत भएको खबर बाहिर आयो । जहाँ करिब छ सय जना त एउटै अस्पतालमा आक्रमणकारीको निशानामा परे । इजरायल जानेमा बेलायती ऋषि शुनक मात्रै परेनन्, अमेरिकी बाइडेन र हाम्राले पनि केही मान्छे ल्याए त्यहाँबाट, केहीलाई छिमेकीले ल्याइदियो ।

सरकार व्यापार र कर कलेक्सनको काम मात्रै गर्दैछ तैपनि ४६ अर्बको घाटा कारोबार यतिबेलै भयो । दशैं सुपथ मूल्यका पसल र बजार अनुगमन त उही पहिलेको जस्तो मात्रै भयो, हात्तीका दाँत भनेपछि कुरो खत्तम । सामानको उत्पादन यहाँ हुन्न, आयात गर्दा नै ठोकेर सरकारले भन्सार कर असुली सकेकाले व्यापारी सामु उपभोक्ताले घुँडा टेक्नै पर्छ । जुन पहिलेदेखिकै चलन हो । भान्छामा भ्याट लाउने सरकारलाई धेरैले अन्धो भनिदिए, ग्याँसमा भाउ घटाएको भए केही राहत हुन्थ्यो । दशैंको पूर्वसन्ध्यामा धेरै सवारी नचल्ने र इन्धनको खपत नै नहुने बेला इन्धनमा थोरै रकम घटाइयो । मान्छेको व्यापार गरिहेका बखत यति नै बेला दुई महिनामा दुई खर्ब ५० करोडको विप्रेषण आएछ । छोरो आउला दसैंको टिका लाउन भनी आमाबाबु रोइरहँदा, बाटो कुरिरहँदा सरकारलाई मोटो विप्रेषणको थैलो पो आएछ । लास त हरेक दिन आउने गरेकै हो ।

कैदमाफी पाएकाले रुकुममा मान्छे काटे, आममाफी दिनेलाई पटक्कै ग्लानि भएन, यो लोकतन्त्रको सुन्दर रूप भयो । मुस्ताङ्ग पुगेर हेलिकप्टरले बाढी पहिरोको दृश्यावलोकन गरिदियो भने राजाको शैलीमा ५० करोडको वर्षा हुने आदेश पनि जारी भयो । आँसु पुछ्नैका लागि । दशैं लाग्दै गर्दा खाली कागजमा गठबन्धन नभत्कने घोषणा भयो भने कोशी प्रदेशले अचम्मको लोकतन्त्र देखायो, त्यसको पराकम्पन होला कि भन्ने शंका पनि छ । ट्रक र स्कुटी जुद्धा झापामा दुई जनालाई निलेको दशैं टिकाकै दिन मकवानपुर मनहरीमा भारतीय १३ तीर्थयात्री सवारीकै कारण घाइते भए ।

यता टिकाको दिन पूर्वराजालाई गद्दीमा राख्नेहरु पनि धेरै देखिए । बालेनले दशैंमा सफाइको काम निरन्तर गरिरहे भने प्रत्यक्ष कार्यकारी चुनिने प्रणाली आयो भने यहाँ प्रतिस्पर्धी धेरै नै हुने छाँट आइसक्यो । दशैं पूजा, मूर्ति सेलाउँदा रूपन्देहीमा कसैको देह उत्सर्जन भयो, त्यो पनि एक मात्र होइन । दोलखामा एक बोलेरोले दुई जना निल्यो भने बैतडीमा भीरले खाइदियो तीन जनालाई । बाँकेमा सामाजिक सद्भाव खल्बलिएको हो पहिले, कर्फ्यू नै लागेको दशैंअघि, अहिले प्रशासनले पूरै एक दिन मदिरामा कर्फ्यू लाइदियो । सप्तमीको कालरात्री पूजाकै दिन कैलालीमा एक मोटरसाइकलले साइकल यात्रुलाई खाइदियो भने मकवानपुरमा एक मोटरसाइकल खस्यो, एक जनाले मोक्ष प्राप्ति गरे, धर्तीबाट बिदा भए ।

यसरी समग्रमा दशैं खल्लो भइरहँदा कसैलाई दशैं निकै गुलियो पनि भयो होला । पहिले भनिन्थ्यो आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई । पहिले जसो तसो ऋण पाइन्थ्यो, धेरै ब्याज थिएन, अब त मिटर होइन किलोमिटरमा छ ब्याज । सामन्ती प्रथा सकियो भनियो तर, बजार असह्य भयो, नवसामन्तीहरुले किचिएको देश आफैं ठूलो ऋणमा छ । व्यापारघाटा अचाक्ली बढेको छ । सरकारले रोजगारी दिन नसके पनि रोजगारीको वातावरण सिर्जना भने गर्नै पर्थ्यो । तर, सरकार एकोहोरो छ, दलको छ, दलमा लाग्नेहरुलाई रोजगारीको कमी छैन । राजनैतिक रोजगारी, बिना लगानीको प्रतिफल छ, लोकतन्त्रको लाभांश थुप्रै वितरण भइरहेको छ ।

जनता सुक्ने, नेता फुक्ने गणतन्त्र, संघीयता र लोकतन्त्रले देशलाई कहाँ पुर्‍याउला ? अहिले नै नेपालीका कुनै घरमा परदेश नगएको मान्छे छैन, गोठ, घर, किला दाम्ला, खेत, बारी त धुरुधुरु रोइरहेका छन् । यहाँ वृद्ध वृद्धाहरुको जमात बढेको छ जो, जसलाई बिरामीका बेला तातोपानी पिलाउने मान्छे छैनन् । तिहार कस्तो होला र तिहारका सामान सबै विदेशबाटै आउलान् कि हेरौं कत्तिको गुलियो होला तिहार ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

संविधान र राज्य व्यवस्थाको विद्यमान संरचनाबाट जनताले अपेक्षा गरेको आर्थिक-सामाजिक रूपान्तरण असम्भव प्रायः छ भन्ने कुरा दलका नेताहरूले थाहा पाइसके । यो कुरा स्वीकार्दा 'प्रतिगामी' भइएला भन्ने डरले हो कि किन हो खै, 'कमजोरी छन् तर, यही संरचना ठिक छ' भनेर प्रतिरक्षा गर्ने पनि थुप्रै छन् ।



**- सेतेमान तामाङ**

जब अस्वस्थ प्रतिस्पर्धा गर्न खोज्छन् वा आउँछन्, तब नैतिकवान र विचारवादीहरुले क्षेत्र छोड्दै जान्छन् । अस्वस्थ प्रतिस्पर्धा(राजनीतिक, आर्थिक, व्यवसायिक, सामाजिक तथा सांस्कृतिक)लगायत हरेक क्षेत्रका मुहान नै दुषित बनाइन्छ । औचित्यको महत्व मेटिन्छ, दीर्घकालीन दुर्घटना निम्त्याइन्छ ।



**- धुव्रहरि अधिकारी**

महासचिव गुटेरसको भ्रमणको माध्यमबाट राष्ट्रसंघलाई संक्रमणकालीन न्यायको प्रक्रियामा प्रवेश गराउन खोजियो भने सोह्रै आना गलत काम हुनेछ । अनमीन छिराउँदाको अनुभवबाट चेत लिनुपर्ने हो । दक्षिण अफ्रिकाले देशको काम देशकै विशिष्ट नागरिक डेसमण्ड टुटुको नेतृत्वबाट गराएको उदाहरण छ ।



**- गेजा शर्मा वाग्ले**

'नेपाल बन्दैन, यसको भविष्य छैन, सबै पार्टी खराब, सबै नेता असफल, सबै सरकार भ्रष्ट' भन्ने भ्रामक भाष्य बहुप्रचलित छ । देशमा समस्या नभएको होइन, छन् । खराब पार्टी पनि छन्, असफल र असान्दर्भिक नेता पनि छन्, सरकार भ्रष्ट पनि छन् । तर सबै पार्टी खराब, सबै नेता असफल, सबै सरकार भ्रष्ट छैनन् ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ । |
| वृष : | स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ । |
| मिथुन : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । |
| कर्कट : | आहारमा ध्यान दिनुहोला । स्वास्थ्यसम्बन्धी समस्याको योग छ । |
| सिंह : | व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभको योग छ । |
| कन्या : | राजकीय कार्यहरुमा वृद्धि हुनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ । |
| तुला : | शैक्षिक कार्यमा प्रगतिको योग छ । पारिवारिक सहयोग पाइनेछ । |
| वृश्चिक : | अनावश्यक खर्चको योग छ । आहारमा ध्यान दिनुहोला । |
| धनु : | काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ । |
| मकर : | आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ । |
| कुम्भ : | पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| मीन : | व्यर्थको यात्रा र परेशानीको योग छ । साहसीक कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मन्दीतर्फ अर्थतन्त्र

विचार



● बिदुर दाहाल

*हाम्रो उत्पादन प्रणाली बिग्रिएको छ । आज ग्रामीण क्षेत्र नै परनिर्भर बन्दै गएको छ । एकातिर ठूलो खेतीयोग्य जमिन बाँझिएका छन् भने कतिपयमा घरहरू बन्न थालेका छन् । जसले कृषि उत्पादन घटाएको छ । विदेशबाट किन्नुपर्ने अवस्था सिर्जना गराएको छ ।*

ठूला सहर खासगरी काठमाडौंमा व्यापारीक सटरहरु खाली छन् । घरका कोठा र फ्याल्टहरु खाली छन् । पसलमा व्यापार छैन । रेस्टुरेन्ट र होटलमा ग्राहक छैनन् । व्यापार-व्यवसाय सुस्त छ । प्राइभेट कलेजमा विद्यार्थी छैनन् । सरकारी क्याम्पसमा विद्यार्थीको ड्रप आउट डरलाग्दो छ । राष्ट्रिय अर्थतन्त्र कोमामा छ । बैकको ब्याजदर उच्च छ । सरकारसँग कर्मचारीलाई तलब खुवाउने पैसा छैन । कर नतिर्ने र तिर्न नसक्ने फर्महरु अनगिन्ती छन् । बैंक र सहकारीको ऋण तिर्न नसकेर कालो सूचीमा पर्नेहरु बढेका छन् । अर्थतन्त्रमा यावत समस्या छन् । किन देखिए र आए होलान् यस्ता समस्या ? यसको सिधा उत्तर अर्थतन्त्र मन्दीतर्फ जानु हो । अर्थतन्त्र मन्दीतर्फ जानुमा के-के कारण होलान् ?

आज चलायमान जनशक्ति विदेश जान लाइनमा छ । सकेसम्म विकसित देशमा गएर, उतै बस्न लालायित बनिरहेको छ । जो आफूँ मात्रै गएको छैन, उसले पैसा पनि लगेको छ । साथै, उसले मनोवैज्ञानिक हिसाबले धेरै मन भाँडेको छ ।

आज मुलुकभित्र किन्ने, खाने र घुम्ने मानिस कम छन् । पैसाको गतिशीलता निकै कम छ । विदेशी पर्यटक आएका छन् तर, जुन दर निकै सामान्य छ । अर्कोतर्फ, पैसा हुनेहरुमा विदेशमा घुम्न जाने प्रवृत्ति बढेको छ ।

मुख्यतः सरकारको ढुकुटी नै कमजोर छ । भएको पनि खर्च गर्न सक्ने अवस्थामा सरकार छैन । जसको मार चौतर्फी परिरहेको छ ।

आज निजी क्षेत्रको लगानी पनि घर-जग्गा, सुन-चाँदी, मोटर गाडी जस्ता अनुत्पादक क्षेत्रमा बढी भएको छ । जसले रोजगारी सिर्जना गराउन कुनै भूमिका खेल्न सकेको छैन ।

अर्कोतर्फ, हाम्रो उत्पादन प्रणाली बिग्रिएको छ । आज ग्रामीण क्षेत्र नै परनिर्भर बन्दै गएको छ । एकातिर ठूलो खेतीयोग्य जमिन बाँझिएका छन् भने कतिपयमा घरहरु बन्न थालेका छन् । जसले कृषि उत्पादन घटाएको छ । विदेशबाट किन्नुपर्ने अवस्था सिर्जना गराएको छ । आज लगानीयोग्य रकम खानामा खर्च भइरहेको छ ।

अर्कोतर्फ, नेपालीहरुको प्रवृत्तिगत समस्या पनि निकै डरलाग्दो छ । स्वदेशी उत्पादनभन्दा विदेशी उत्पादनलाई चाह गर्ने प्रवृत्ति बढेको छ । अनि यहाँका संस्थाप्रति अविश्वास गरेर विदेशमा लगानी गर्ने प्रवृत्ति पनि बढ्दो छ ।

युरोप, अमेरिका र अष्ट्रेलिया जानेहरुबाट नेपालमा रेमिट्यान्स आउँदैन । उनीहरु उतै सेटल हुन्छन् । हरेक घरबाट युरोप-अमेरिका जाने बढेका छन् । देशको पैसा अध्ययनको नाममा वा विदेशीने नाममा बाहिरिएको छ । जुन फिर्ता हुने सम्भावना कम छ । फिर्ता भए पनि अनुत्पादक क्षेत्रमा लगानी र खर्च हुने निश्चित छ ।

उत्पादन र रोजगारका क्षेत्रहरु एकपछि अर्को गर्दै खुम्चिएका छन् । भएका संरचना बन्द भएका छन् । कमाउन र सेटल हुन विदेशिनु बाहेक अर्को विकल्प देखिएको छैन ।

विश्वमा एकपछि अर्को गर्दै युद्धको अवस्था छ । रुस-युक्रेन युद्ध चलिरहेकै बखत हमास-इजरायल युद्धले डरलाग्दो रुप लिएको छ । जसको बाछिटा नेपालसम्म परेको छ । युक्रेन युद्धले बढाएको महँगीलाई इजरायल युद्धले बढावा दिएको छ ।

यस्ता विविध कारण छन् । जसले नेपाली अर्थतन्त्र मन्दीतर्फ धकेल्दै छ । अरु देशको मन्दी छिट्टै पुनर्जागरण होला तर, नेपालको भन्न सकिन्न । किनकी यो मुलुक केही दशकपछि वृद्धाआश्रम हुने अवस्थातर्फ उन्मुख छ । त्यसपछि मानव स्रोत कम भएको मुलुक हुनेछ । त्यो भयावह अवस्थामा लोक सेवा आयोगले जागिर खाने मानिस पाउने छैन । आर्मी र प्रहरी हुने मानिस नेपालले पाउने छैन । विश्वविद्यालयहरु विद्यार्थी नपाएर बन्द हुने छन् ।

अहिलेको दुर्गतीको कारण कुशासन हो । राजनीति मुख्य कारण हो । राजनीति कहिल्यै स्थायित्वतर्फ गएन । गरी खाने वातावरण सिर्जना भएन । नेपालमा युवाले भविष्य देखेनन् । यो नै देशको बिडम्बना हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# गाजामा मानवीय युद्धविरामको आह्वान



**काठमाडौं/एजेन्सी-** संयुक्त राष्ट्र संघीय महासभाले इजरायल र हमास शासक बीचको शत्रुता अन्त्यको लागि गैर-बाध्यकारी मानवीय युद्धविरामको आह्वान प्रस्ताव पारित गरेको छ । हमास आक्रमणपछि इजरायल र प्यालेष्टिनी क्षेत्रमा चर्किएको हिंसात्मक गतिविधिका लागि राष्ट्र संघले लिएको यो पहिलो पहल हो ।

विश्व समुदायको छाता संगठन राष्ट्र संघमा अमेरिकाले समर्थन गरेको क्यानडाको संशोधन अस्वीकार भएको छ। १९३ सदस्यीय संघमा ४५ मुलुक अनुपस्थित थियो । बाँकी १२० का विरुद्ध १४ मत फरकले प्रस्ताव पारित गरेको छ ।

संयुक्त राष्ट्र संघका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले महासभालाई विभाजित संयुक्त राष्ट्र संघ भन्दा अधिक साहासी र सैद्धान्तिक बन्नुपर्नेमा जोड दिए । विगत दुई सातामा चार पटक सहमतिका लागि गरिएको प्रयास मध्ये दुई भिटो शक्तिका कारण र अन्य दुई सहमतिको पक्षमा कम्तीमा नौ मत नपुग्दा विफल भएका छन् । इजराइलको संयुक्त राष्ट्र संघीय राजदूत गिलाड एर्डनले मतदानपछि भने, 'हमासको आतंककारी क्षमता नष्ट नभएसम्म र हाम्रा बन्धकहरूलाई फिर्ता नगरेसम्म इजरायलले कारवाही बन्द गर्ने छैन ।' उनका अनुसार हमासलाई नष्ट गर्ने एउटै मात्र उपाय उनीहरूको सुरुङ र आतंकवादी सोचलाई जरैबाट हटाउनु हो । अमेरिकाले भने हमासले गरेको हमलालाई निन्दा गर्नुका साथै कब्जामा लिएका बन्धकहरूलाई तत्काल रिहा गर्न माग गरेको थियो, जसको उल्लेख अरबले तयार पारेको प्रस्तावमा गरिएको छैन ।

संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत लाना नुसिबेह, सुरक्षा परिषद्का अरब प्रतिनिधिले पनि परिणामप्रति खुशी व्यक्त गरेका छन् । 'यस प्रकारको भूराजनीतिक वातावरणमा १२० मत अन्तर्राष्ट्रिय कानून, बलप्रयोगको समानुपातिक प्रयोगको समर्थनको उच्च सङ्केत हो र यो अहिले धरातलमा भइरहेको यथास्थितिलाई अस्वीकार गर्नु हो', उनले भने । प्रस्तावको विपक्षमा १४ मुलुकले मतदान गरेका थिए । इजरायललाई समर्थन गर्नेहरु अमेरिका, पाँच प्रशान्त टापु राष्ट्रहरू र चार युरोपेली देशहरू अस्ट्रिया, क्रोएशिया, चेकिया र हंगेरीले विपक्षमा मतदान गरे । इयूका आठ सदस्य राष्ट्रले पक्षमा मतदान गरे ।

राष्ट्र संघका लागि फ्रान्सका राजदूत निकोलस डे रिभिएरेले आफ्नो देशले यो प्रस्तावलाई समर्थन गरेको र 'कुनै पनि कुराले नागरिकको पीडालाई न्यायोचित ठहराउन नसक्ने' बताए । मन्सुरले युरोपेली मतले सुरक्षा परिषद्को प्रस्ताव पारित गर्न वा यो युद्ध रोक्न इजरायलमा अधिकतम दबाब सिर्जना गर्न 'धेरै सहयोगी' हुन सक्ने सङ्केत गरेको छ।

## भोले गणेश सेक्युरिटिज लिमिटेड

शेयर खरिद बिक्रि

Bhole Ganesh Securities Limited

**केन्द्रिय कार्यालयः अनामनगर-२९, काठमाडौं**
**फोनः ५९७०४९४/९५**
**Emali:Info@bholeganesh.com**

### प्रथम वार्षिक साधारण-सभाको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०७/१२**

यस भोले गणेश सेक्युरिटिज लिमिटेडको मिति २०८० असोज ३० गते बसेको संचालक समितिको वैठकको निर्णय बमोजिम यस संस्थाको पहिलो वार्षिक साधारण-सभा देहायको स्थान, मिति र समयमा निम्न लिखित प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने स्थान, मिति र समयः**

**स्थान : सिद्धार्थ फुडल्याण्ड, पुरानो बानेश्वर, काठमाडौं ।**

**मिति : २०८० कार्तिक २३ गते, बिहिबार (तदनुसार नोवेम्बर ०९, २०२३) ।**

**समय : बिहान ९:०० बजे ।**

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रथम वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा-नोक्सान विवरण र नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३ आर्थिक बर्ष २०८०/८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचन, नियुक्ति तथा बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विविध ।**

**नोट**
- कम्पनि शेयर धनि दर्ता किताब दाखिला खारेज मिति २०८० कार्तिक ३ देखि १२ गतेसम्म बन्द रहने छ ।
- निर्वाचन संग सम्बन्धित कार्यक्रम कम्पनीको मुख्य कार्यालयमा मिति २०८० कार्तिक १३ गते सूचना पाटीमा टाँस गरिने छ ।

**संचालक समितिको निर्णयानुसार**

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०७/१२)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०७/१९

**बोलपत्र खोलिने मिति**
२०८०/०७/२० दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणी : अशोक फोटो फ्रेमिङ सेन्टर**<br>दर्ता : १६९४३/०५९/०६०<br>ठेगाना : जनकपुरधाम-०६, धनुषा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. प्रमिला कुमारी**<br>(ना.प्र.नं. ३३८१२८२३, मिति २०५८/०९/१५ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>पति : अशोक कुमार चौधरी<br>ससुरा : झगरु चौधरी<br>**२. अशोक कुमार चौधरी**<br>(ना.प्र.नं. २९१७४४९७, मिति २०५९/०२/२३ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : झगरु चौधरी<br>बाजे : सिंहेश्वर चौधरी | अशोक कुमार चौधरीको नाममा धनुषा जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कि.नं. २१५ (०-०-७-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np

## Government of Nepal
## Ministry of Agriculture and Livestock Development
## Department of Livestock Services
## Central Fisheries Promotion & Conservation Centre
## Pure Line Fish Breed Conservation and Promotion resource center

**Bhairahawa, Rupandehi**

### Invitation For Bids (IFB)

**IFB NO.: PLFBC/NCB/WORKS/01-080/81**
**DATE OF PUBLICATION: 2080-07-12 BS (2023-10-29 AD)**

1. Pure Line Fish Breed Conservation and Promotion resource center, Bhairahawa, Rupandehi invites electronic bids for the construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the requested documents with in mentioned period.

| S N | Contract No/ Bid No | Description of Works | Total Estimate Amount with PS (Excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Rmks |
|---|---|---|---|---|---|---|---|
| 1. | PLFBC/NCB/ WORKS/01-080/81 | Construction of E Series pond wall & Pakki dill work at main gate | 22,18,612.43 | 65,000/- | 5,000/- | 2023-11-28 (2080-08-12) 12:00 Hours | Single Enveloped |
| 2. | PLFBC/NCB/ WORKS/02-080/81 | Construction of Pond wall in P11,A,B,C Pakki dill works | 61,71,978.56 | 1,80,000/- | 5,000/- | | |
| 3. | PLFBC/NCB/ WORKS/03-080/81 | Construction of Pond wall & partition work in P6 Pond | 14,65,473.97 | 43,000/- | 3,000/- | | |

**Senior Fisheries Development Officer**

## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बरहथवा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

### नदिजन्य पदार्थ उत्खन्न तथा विक्रि, वितरणका लागि बोलपत्र आव्हानको सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८०/०७/१० गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ (क) र यस बरहथवा नगरपालिकाको आर्थिक ऐन २०८० को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मधेश प्रदेशको आर्थिक ऐन २०८० को अनुसूची ६ मा ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दी (स्वीकृत खानी बाहेक) मा तोकिएको प्रति इकाई दरमा बरहथवा नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको पत्र प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कारवाहीको वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter Of Authority) संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम १५ दिन भित्र विद्युतिय माध्यमद्धारा (http://www.bolpatra.gov.np/egp) बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना/वोलपत्र नं. | वोलपत्रको नाम | उत्खन्न परिमाण (घन फिट) | न्युनत्तम वोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१ | NCB:RIVER/ 23/2080/081 | वागमती खोलाको हजरिया वागमती बजारघाट टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 5502074 | 8308132.20 | सकार वा कवोल रकमको ५ प्रतिशतले हुन आउने रकम | 3000/- |
| ०२ | NCB:RIVER/ 24/2080/081 | वागमती खोलाको मलाह टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 9740014 | 14707421 | | 3000/- |
| ०३ | NCB:RIVER/ 25/2080/081 | वागमती खोलाको टोकार टोल घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण | 7481957 | 11297755 | | 3000/- |

अन्य विस्तृत शर्तहरुको विवरण कार्यालयको website :– https://barhathwamun.gov.np/en मा राखिएको छ ।

**ऋद्धि प्रकाश सिटौला**
**प्रमुख प्रशासकीय अधिकृत**

## KUWAIT मा रोजगार

कम्पनीः ENTREPRENEUR RESTAURANT MANAGEMENT COMPANY WLL
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०४/१५ चलानी नं.: ६०२०५४४७ LT. No.:290203 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker/line Cook/kitchen Crew/assistant C | 48 | 0 | स. काममा दक्ष | 150 | ६४,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५

**एकताटोल, सिनामंगल, काठमाडौं**
**(Opposite Hyundai Service Center)**
**फोनः ०१-४५९२९०५, ०१-४५९२९०६**
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८,९८०२३२३१९९
Email: hiringagr@gmail.com Aaravglobal.recruitment

## MALAYSIA मा रोजगार

कम्पनीः YAMAZAKI SEIGA (M) SDN BHD
शहरः Malaysia, Muar

पूर्व स्वीकृत मितिः २०८०/०७/१० चलानी नं.: ६०२०९४०१ LT. No.: 294439

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः JOHANN & JOANN CONCEPT SDN BHD शहरः Johor
पूर्व स्वीकृत मितिः २०८०/०७/१० चलानी नं.: ६०२०९४०३ LT. No.: 294441

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIGYAN H.R. MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

## साउदीमा रोजगार

कम्पनीः GREEN CONCRETE COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०७/०३ चलानी नं.: ६०२०९३८० L.T. No.:294324

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १९ गते (5 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

# बक्स अफिस समाचार

# अमेरिकामा बिक्री भयो दयाहाङ र मिरुनाको ‘रङ्गेली’

**काठमाडौं/मस –** छायांकनको अन्तिम चरणमा रहेको फिल्म ‘रङ्गेली’को अमेरिका प्रदर्शन अधिकार बिक्री भएको छ । अमेरिकाको लागि फिल्मको वितरण अधिकार एक्का बास्सा इन्टरटेन्मेन्ट एन्ड लाइभ एट प्रिजेन्टले खरिद गरेको हो । फिल्मको प्रदर्शन अधिकार बिक्री भएसँगै क्यालिफोर्नियाको सान फ्रान्सिस्को र टेक्सासस्थित ड्यालसमा फिल्मको प्रिमियर




पनि हुने निर्देशक अर्जुन सुवेदीले जानकारी दिए ।

यसअघि जापान, कोरिया र हङकङ गरि तीन देशको फिल्मको वितरण अधिकार उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले खरिद गरिसकेको छ । अस्ट्रेलियामा पनि फिल्मको प्रदर्शन अधिकार बिक्री भैसकेको छ । अस्ट्रेलियाको मेलबर्नमा माघको अन्तिम हप्ता फिल्मको प्रिमियरको समेत तयारी गरिएको छ । फिल्म भने महाशिवरात्रीको अवसर पारेर आगामी फागुन २५ गते रिलिज हुँदैछ । निर्देशक सुवेदीको लेखन रहेको ‘रङ्गेली’मा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकीलगायतको अभिनय छ । फिल्मको कार्यकारी निर्माता जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्मातामा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ रहेका छन् भने युवक कार्की र शिव शङ्कर चौलागाईं सह-निर्मातामा छन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । फिल्मका गीतहरुमा हर्क साउदको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ । फिल्मको एउटा गीत युरोपको प्रतिष्ठित ‘बुढापेस्ट अर्केस्ट्रा’मा लाइभ छायाङ्कन गरिँदैछ । नेपाली फिल्ममा पहिलोपटक यसरी गीतको छायांकन गर्न लागिएको हो । यो फिल्मलाई सुशन प्रजापतिले छायांकन गरिरहेका छन् । तिहार अगावै फिल्मको सम्पूर्ण छायांकन सकिने जानकारी प्राप्त छ ।


## साउदीमा रोजगार

कम्पनी : AL-RAKAIZ FOR INVESTMENT
शहर : Jeddah

पुर्व स्वीकृत मितिः २०८०/०७/१० चलानी नं.: ६०२०९३९२ L.T. No.: 294378

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1300 | ४६,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कात्तिक १९ गते (5 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

